गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

मिति : २०८२/०४/२३
ने.सं.११४५ गुंलाथ्वः चतुर्दशी, शुक्रवार

## बेवारिसे खयर जातको गोलिया काठ हकदाबी गर्ने सम्बन्धिको सूचना ।

(सौर्य दैनिक पत्रिकामा सूचना प्रकाशित मिति : २०८२/०४/२३)

प्रस्तुत विषयमा सव-डिभिजन वन कार्यालय, हुप्सेकोट-बौदीकालीको च.नं. ३१० मिति २०८२/०२/२२ को पत्र सहित सव डिभिजन वन कार्यालय, हुप्सेकोट बौदीकालीका वन अधिकृत सूर्य सिंह गुरुङ समेतका कर्मचारीहरुको प्रतिवेदनबाट बुलिङटार गा.पा. वडा नं. ६, वोटेटारीबाट बरामद भएको खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान ११४८ को ६६४.९२ क्यू.फिट काठ, बौदीकाली गा.पा. ३, थोत्रेनीबाट बरामद भएको खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान २४६ को १७१.२४ क्यू.फिट काठ र बौदीकाली गा.पा. २, सिंहटारीबाट बरामद भएको खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान ११३२ को ३३२.४९ क्यू.फिट काठ गरि खयर हर्टउड कुल जम्मा गोलिया थान २५२६ को कुल जम्मा ११६८.६५ क्यू.फिट काठ तथा सव-डिभिजन वन कार्यालय, देवचुली बुलिङटारको च.नं. ०६ मिति २०८२/०४/२० को अनुसन्धान गरी राय प्रतिक्रिया सहितको प्रतिवेदनबाट बुलिङटार गा.पा. वडा नं. ६, बिशालटारबाट बरामद भएको खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान २३५ को ११७.८४ क्यू.फिट काठहरु फेला परेको, उक्त काठ को कसले काटी थुपारी राखेका हुन् सो विषयमा सर्जिमिन गर्दा स्थानिय भद्र भलाद्मी समेतले को कसले काटी थुपारी राखेको भन्ने जानकारी नभएको भनि कागज गरेकोमा सो क्षत्रको सेरोफेरोमा समेत खोजतलास गर्दा काटिएका ठुटा फेला नपरेको र कसैको पनि दावी नपरी श्रोत खुल्ने नसकेको अवस्थामा उक्त काठ बैध अवैध के-कस्तो प्रकृतिको हो एकिन गर्नुपर्ने भएको हुँदा वन नियमावली २०८० (संशोधन २०८१) को नियम १२४ (३) तथा गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ५९ (३) बमोजिम उक्त बेवारिसे खयर जातको काठ हकदावी गर्ने व्यक्ति, उपभोक्ता समूह, संघसस्था वा निकायले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र आवश्यक प्रमाण कागजात सहित आफ्नो हकदाबीको निवेदन यस कार्यालयमा पेश गर्नुहुन भनि वन नियमावली २०८० ( संशोधन २०८१) को नियम १२४को उपनियम (२) तथा गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ५९ (२) बमोजिम यो सूचना प्रकाशित छ ।

तपशिल

**१. बेवारिसे खयर काठ बरामद भएको स्थान, काठको परिमाण विवरण र हाल उक्त काठको घाटगद्दी स्थान ।**

अ) बुलिङटार गा.पा. वडा नं. ६, वोटेटारीबाट बरामद भएको

क. काठ बरामद भएको स्थानको चार किल्ला : जिल्ला नवलपरासी (ब.सु.पू.), बुलिङटार गा.पा. वडा नं. ६, अन्तरगत पूर्वमा गोरेटो बाटो, पश्चिममा मोहन कोटेको आवादी जग्गा, उत्तरमा कालीगण्डकी राजमार्ग र दक्षिणमा रामचन्द्र लामिछानेको आवादी जग्गा, यति चारकिल्ला भित्रको वोटेटारी भन्ने स्थान ।
ख. बरामद भएको काठको विवरण : खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान ११४८ को ६६४.९२ क्यू.फिट।
ग. हाल काठ रहेको घाटगद्दी स्थान र जिम्मा : सव डिभिजन वन कार्यालय, गैडाकोटको कम्पाउन्डमा वन रक्षक बसुन्धरा भण्डारी र वन रक्षक डल्लु थारुको जिम्मामा रहेको ।

आ) बौदीकाली गा.पा. ३, थोत्रेनीबाट बरामद भएको

क. काठ बरामद भएको स्थानको चार किल्ला : जिल्ला नवलपरासी (ब.सु.पू.), बौदीकाली गा.पा. वडा नं. ३, अन्तरगत पूर्वमा कच्ची मोटर बाटो, पश्चिममा खोल्सी, उत्तरमा बगैंचा र दक्षिणमा मुक्तिनाथ वाल विकास केन्द्र, यति चारकिल्ला भित्रको थोत्रेनी भन्ने स्थान ।
ख. बरामद भएको काठको विवरण : खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान २४६ को १७१.२४ क्यू.फिट।

गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट सुस्ता पूर्ब)

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

ग. हाल काठ रहेको घाटगद्दी स्थान र जिम्मा : सव डिभिजन वन कार्यालय, गैडाकोटको कम्पाउन्डमा वन रक्षक बसुन्धरा भण्डारी र वन रक्षक डल्लु थारुको जिम्मामा रहेको ।

इ) बौदीकाली गा.पा. २, सिंहटारीबाटबाट बरामद भएको

क. काठ बरामद भएको स्थानको चार किल्ला : जिल्ला नवलपरासी (ब.सु.पू.), बौदीकाली गा.पा. वडा नं. २, अन्तरगत पूर्वमा डोलराज खत्रीको घर, पश्चिममा खोल्सी, उत्तरमा शिव मन्दिर र दक्षिणमा कच्ची मोटर बाटो, यति चारकिल्ला भित्रको सिंहटारी भन्ने स्थान ।

ख. बरामद भएको काठको विवरण : खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान ११३२ को ३३२.४९ क्यू.फिट।

ग. हाल काठ रहेको घाटगद्दी स्थान र जिम्मा : सव डिभिजन वन कार्यालय, गैडाकोटको कम्पाउन्डमा वन रक्षक बसुन्धरा भण्डारी र वन रक्षक डल्लु थारुको जिम्मामा रहेको ।

ई) बुलिङटार गा.पा. वडा नं. ६, बिशालटारबाट बरामद भएको

क. काठ बरामद भएको स्थानको चार किल्ला : जिल्ला नवलपरासी (ब.सु.पू.) बुलिङटार गा.पा. वडा नं. ६ विशालटार स्थित कालिगण्डकी कोरिडोर सडक छेउमा पूर्वमा हरिप्रसाद रानाभाटको जग्गा, पश्चिममा कालिगण्डकी करिडोर सडक, उत्तरमा मोतिलाल रानाभाटको जग्गा र दक्षिणमा जिवनाथ ढकालको आवादी जग्गा, यति चारकिल्ला भित्रको बिशालटार भन्ने स्थान ।

ख. बरामद भएको काठको विवरण : खयर गोलिया/टुनटुक्रा (हार्टउड) थान २३५ को ११७.८४ क्यू.फिट।

ग. हाल काठ रहेको घाटगद्दी स्थान र जिम्मा : सव डिभिजन वन कार्यालय, गैडाकोटको कम्पाउन्डमा वन रक्षक डल्लु थारुको जिम्मामा रहेको ।

२. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (सौर्य दैनिक पत्रिकामा प्रकाशित भएको मिति २०८२/०४/२३) देखि ३० औं दिनसम्म कार्यालय समय भित्र खयर काठ प्राप्त गरेको वा खयर काठको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र अन्य कुनै हकदावी सावित हुने प्रमाण सहित आफ्नो हकदावीको निवेदन यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. माथि उल्लेखित खयर जातको काठ तोकिएको मिति र समयमा कसैको हकदावी नपरेमा वा हकदावी नपुग्ने ठहर भएमा यस कार्यालयले नियमानुसार लिलाम विक्रि गर्नेछ ।

५. अन्य कुराको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।